
# लैङ्गिक हिंसा

## सम्बन्धी जानकारी सामाग्री



## लैङ्गिक हिंसा भनेको के हो ?



कुनै पनि व्यक्तिलाई ऊ महिला, पुरुष वा लैङ्गिक तथा यौनिक अल्पसंख्यक भएकै कारणले गरिने शारीरिक, मानसिक वा यौनिक रूपले दिइने पीडा वा गरिने काम र व्यवहारहरु नै लैङ्गिक हिंसा हो । यसले कार्य स्थलमा हुने यौनजन्य दुर्व्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैङ्गिक आधारमा हुने हिंसा समेतलाई बुझ्नु पर्छ ।

## लैङ्गिक हिंसा किन हुन्छ ?

- लैङ्गिकताको आधारमा गरिने भेदभावका कारणले
- असमान शक्ति सम्बन्धका कारणले
- पितृसत्तात्मक सोच, रुढीवादी परम्परा तथा अन्य सामाजिक कुरितिजन्य व्यवहारबाट निर्देशित मानसिकताका कारणले
- कानूनको अज्ञानताका कारणले

## लैङ्गिक हिंसाका प्रकार के के हुन् ?

### ★ शारीरिक हिंसा

- कुटपिट, अंगभंग, हत्या, आक्रमण, जलाउनु, टोक्नु, घाइते बनाउनु, अपाङ्ग बनाउनु, धारिलो हतियारको प्रयोगबाट हानी पुऱ्याउनु, मानसिक वा मनोवैज्ञानिक हिंसा
- गाली गलौज, पिछ्‌ा र चियो चर्चो गर्ने
- डर, धाक धम्की, कुरा काट्ने
- नियन्त्रण, अरुबाट अलग बनाएर राख्ने
- अपमान, मानहानी र उत्पीडन

### ★ आर्थिक हिंसा

- स्रोत साधनबाट बञ्चित गर्नु, सम्पत्तिको क्षति,
- शिक्षा तथा श्रम बजारसम्मको पँहुचबाट अलग गर्नु,
- सेवा सुविधाबाट बञ्चित गर्नु,

### ★ यौन हिंसा

- यौन दुर्व्यवहार
- बलात्कार, बैवाहिक बलात्कार
- यौन उत्पीडन
- अस्लील शब्द र तस्विरको प्रयोग

## नेपालमा लैङ्गिक हिंसाका स्वरूपहरू:

- कुटपिट, घरबाट निकाला, गाली गलौज, स्रोत साधनबाट वञ्चित गर्नु
- वैवाहिक बलात्कार, बलात्कार, बलात्कार प्रयास
- दाइजो सम्बन्धी हिंसा
- बालविवाह, बहुविवाह, बालिका भ्रुण पहिचान गरी गरिने गर्भपतन
- छोराछोरीमा गरिने भेदभाव
- बोक्सीको आरोप लगाई गरिने हिंसा
- छाउपडी र महिनावारी भएको समयमा गरिने विभेदपूर्ण व्यवहार
- यौन शोषणका लागि महिला र बालिकाको बेचविखन
- साइवरद्वारा अस्लील तस्विरको प्रयोग र शब्दको प्रयोग
- तेजाव प्रहार, जलाउनु

## घरेलु हिंसा



- घरेलु हिंसा - शारीरिक (कुटपिट), आर्थिक वा मानसिक हिंसा गरेमा यस विरुद्धको उजुरी स्थानीय तह वा जिल्ला अदालत वा राष्ट्रिय महिला आयोग वा प्रहरी कार्यालयमा गर्नु पर्दछ ।
- घरेलु हिंसा गरेको ठहर भएमा ३ हजार देखि २५ हजार रुपैयाँ सम्म जरिवाना वा ६ महिना कैद वा दुबै सजाय हुनेछ ।
- यस्तो हिंसा दोहोर्‍याएमा प्रत्येक पटक पहिलो सजायको दोब्बर सजाय हुनेछ ।

## बालविवाह




- नेपालको कानून अनुसार विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन ।
- बीस वर्ष नपुगी गरे वा गराएको विवाह स्वत: बदर हुन्छ ।
- बाल विवाहको कसूर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रूपैयासम्म जरिबाना हुनेछ ।

## बहुविवाह

- विवाहित पुरुषले वैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा अर्को विवाह गर्नु हुँदैन ।
- कुनै पुरुष विवाहित हो भन्ने जानीजानी त्यस्तो पुरुषसँग कुनै महिलाले विवाह गर्नु हुँदैन ।
- बहुविवाह स्वत: बदर हुन्छ ।
- बहुविवाह गरेको थाहा पाएमा थाहा पाएको मितिले तीन महिना भित्र नजिकको प्रहरी कार्यालयमा उजुरी गर्नु पर्दछ ।
- बहुविवाह गरेको ठहर भएमा यस्तो कसुर गर्नेलाई एक वर्षदेखि ५ वर्षसम्म कैद र १० हजार रुपैयाँदेखि ५० हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।



“ नेपालको कानून अनुसार बहुविवाह गर्न हुँदैन । बहुविवाह स्वत: बदर हुन्छ । ”

## जवरजस्ती करणी

# नेपालको कानून अनुसार कसैले जवरजस्ती करणी गर्नु हुँदैन ।



### जवरजस्ती करणी

" कसैले कुनै महिलालाई निजको मञ्जुरी नलिई करणी गरेमा वा मञ्जुरी लिएर भए पनि १८ वर्ष भन्दा कम उमेरको कुनै बालिकालाई करणी गरेमा निजले त्यस्तो बालिका वा महिलालाई जवरजस्ती करणी गरेको मानिने छ । "

## नेपालको कानून अनुसार जबरजस्ती करणीको कसुर ठहर भएमा

- १० वर्षभन्दा कम उमेरकी बालिका, पूर्ण अशक्त, अपाङ्गता भएका वा ७० वर्षभन्दा बढी उमेरका महिला भए जन्म कैद हुनेछ ।
- १० वर्ष वा १० वर्ष भन्दा बढी १४ वर्षभन्दा कम उमेरकी बालिका भए १८ वर्षदेखि २० वर्षसम्म कैद हुनेछ ।
- १४ वर्ष वा सो भन्दा बढी, १६ वर्षभन्दा कम उमेरकी बालिका भए १२ वर्षदेखि १४ वर्षसम्म कैद हुनेछ ।
- १६ वर्ष वा सो भन्दा बढी र १८ वर्षभन्दा कम उमेरकी बालिका तथा महिला भए १० वर्षदेखि १२ वर्षसम्म कैद हुनेछ ।
- १८ वर्ष वा सो भन्दा बढी उमेरकी महिला भए ७ वर्षदेखि दश वर्षसम्म कैद हुनेछ ।

## मानव बेचविखन



- नेपालको कानून अनुसार कुनै पनि उद्देश्यले मानिसलाई देश भित्र र देश बाहिर बेच्न र किन्न पाइने छैन ।
- कुनै पनि फाईदा लिई वा नलिई यौनजन्य क्रियाकलापमा मानिसलाई लगाउन पाइने छैन ।
- प्रचलित कानून बमोजिम बाहेक मानिसको अङ्ग झिक्न पाइने छैन ।

★ यस्तो कसुर गरेको ठहर भएमा २० वर्षसम्म कैद र २ लाख रुपैयाँ जरिवाना हुन्छ ।

★ कसूर गरेको, गरिरहेको वा गर्न लागेको थाहा पाउने जुनसुकै व्यक्तिले नजिकको प्रहरी कार्यालयमा उजुर गर्न सक्नेछ ।

**लैङ्गिक विभेद र हिंसा नेपालको कानून अनुसार अपराध हो । यस किसिमका अपराधहरू नेपालको कानून अनुसार गर्न वा गराउन हुँदैन ।**

# नेपालमा लैङ्गिक हिंसा भएमा सम्बोधन गर्ने संयन्त्र/निकाय

प्रहरी कार्यालय तथा नेपाल प्रहरी भित्र महिला तथा बालबालिका सेवा केन्द्र



अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्र



मनोविमर्श सेवा केन्द्र



सुरक्षावास



न्यायिक समिति



अदालत



जिल्ला सरकारी वकिलको कार्यालय




राष्ट्रिय महिला आयोग



## नि:शुल्क हटलाइन सेवा





- ★ नेपाल महिला आयोग : ११४५
- ★ ओरेक, काठमाडौं : १६६००१७८९१०
- ★ ओरेक, विराटनगर : १६६०२१५२०००
- ★ नेपाल प्रहरी : १००
- ★ बाल हेल्पलाइन : १०९८
- ★ बालबालिका खोजतलाश केन्द्र : १०४
- ★ टिपिओ नेपाल : १६६००१०२००५

**यी नम्बरहरुमा फोन गर्दा पैसा लाग्दैन ।**

## एकद्वार संकट व्यवस्थापन केन्द्र के हो ?



एकद्वार संकट व्यवस्थापन केन्द्र पीडित वा प्रभावितलाई उपचार, मनोसामाजिक सेवा उपलब्ध गराउने र उनीहरूका लागि आवश्यक कानूनी परामर्श, सुरक्षा आवास सेवाका लागि सम्प्रेषण गर्नुका साथै अन्य उपलब्ध सेवामा प्रभावितको पहुँच अभिबृद्धि गर्न अन्य न्यायिक समितिसँग समन्वय गर्ने नेपाल सरकारले स्वास्थ्य मन्त्रालय अन्तर्गत जिल्ला स्थित अस्पतालमा सञ्चालन गरिएको व्यवस्थापन केन्द्र हो ।



" एकद्वार संकट व्यवस्थापन केन्द्रबाट महिला तथा बालबालिकाहरूलाई हुने विभिन्न प्रकारका लैङ्गिक हिंसा जस्तै शारीरिक, यौनजन्य तथा मनोवैज्ञानिक असर पार्ने हिंसाको प्रभावकारी सम्बोधनका लागि सेवा प्रदान गरिन्छ । "

## एकद्वार संकट व्यवस्थापन केन्द्रले प्रदान गर्ने सेवा के के हुन् ?

### स्वास्थ्य सम्बन्धी सेवा



- हिंसा पीडित वा प्रभावितको स्वास्थ्य सम्बन्धि विवरण सङ्कलन, परिक्षण, उपचारको अभिलेखिकरण गर्ने
- शारीरिक चोट पटकको उपचार तथा चिकित्साजन्य जाँच गर्ने,
- कानूनी प्रमाणका लागि विधि विज्ञान तथा चिकित्सा सम्बन्धि कानूनी परिक्षण गर्ने/गराउने,
- यौनजन्य संक्रमणको उपचार गर्ने,
- एच.आई.भि. जाँच तथा परामर्श सेवा उपलब्ध गराउने,
- मानसिक स्वास्थ्य उपचार तथा मनोसामाजिक परामर्श सेवा प्रदान गर्ने,
- हेपाटाइटिस वि बाट बचावट गर्ने,
- सुरक्षित गर्भपतन सेवा प्रदान गर्ने,
- लैङ्गिक हिंसा पीडित वा प्रभावितहरूको पहिचान तथा उपचारका लागि तयार गरिएको क्लिनिकल प्रोटोकल अनुसार सेवा उपलब्ध गराउने,
- आवश्यकता अनुसारको प्रेषण तथा अन्य सेवा उपलब्ध गराउने ।

## मनोसामाजिक परामर्श सेवा




- लैङ्गिक हिंसा प्रभावित वा पीडितलाई मनोसामाजिक सेवा उपलब्ध गराउने,
- आवश्यकताका आधारमा पीडकलाई समेत मनोसामाजिक विमर्श/परामर्श सेवा उपलब्ध गराउने ।

## सुरक्षा सेवा




- लैङ्गिक हिंसाबाट पीडित तथा प्रभावित महिला तथा बालबालिकाका लागि पूर्ण सुरक्षाको प्रत्याभूति हुने गरी जिल्ला प्रहरी कार्यालयले आवश्यक सुरक्षाको व्यवस्था मिलाउने ।
- एकद्वार संकट व्यवस्थापन केन्द्र, सेवा केन्द्र, पुनर्स्थापना केन्द्र, समुदायमा लैङ्गिक हिंसाबाट प्रभावितहरुको सुरक्षा प्रत्याभूत गर्ने प्रकृया, उनीहरुको सूचनाको गोपनियता कायम गर्नु पर्दछ ।

## सुरक्षित आवास (सेवा केन्द्र)



- लैङ्गिक हिंसाबाट पीडित तथा प्रभावित महिला तथा बालबालिकाका लागि समुदायिक सेवा केन्द्र तथा सुरक्षित आवासमा बस्ने सेवाका लागि घटना सम्प्रेषण गर्ने र
- सुरक्षित आवास र आवश्यकतामा आधारित सेवाका बारेमा सम्पर्क समन्वय गर्ने ।

## कानूनी परामर्श र उपचार




आवश्यकता अनुसार जिल्ला न्यायाधिवक्ता तथा कानूनी सहायता केन्द्र, कानूनी परामर्शदाताको सहयोगबाट लैङ्गिक हिंसा पीडित वा प्रभावितका लागि कानूनी उपचारका लागि आवश्यक सेवा प्रदान गर्ने ।

# लैङ्गिक हिंसाका घटना भएमा कँहा सम्पर्क गर्ने ?

| कार्यालय/संस्थाको नाम | सम्पर्क फोन नम्बर | प्राप्त हुने सेवाहरु |
|---|---|---|
| राष्ट्रिय महिला आयोग, हेल्पलाइन | ११४५ | महिलामाथि हुने हिंसाको बारेमा आवश्यक सूचना, तथा जानकारी र सुरक्षावास, कानूनी सहयोग, मनोविमर्श सेवा |
| जिल्ला प्रहरी कार्यालय | १०० | हिंसा तथा शान्ति सुरक्षाका घटनासँग सम्बन्धित सूचना तथा सेवाका लागि |
| जिल्ला प्रहरी कार्यालय, महिला तथा बालबालिका सेवा केन्द्र | १०३ | महिला तथा वालवालिकासँग सम्बन्धित हिंसाका घटनामा उजुरी तथा सुरक्षाका लागि |
| जिल्ला ट्राफिक प्रहरी कार्यालय | १०४ | यातायातसँग सम्बन्धित घटनाका बारेमा |
| प्रहरी प्रधान कार्यालय, काठमाडौं | १११३ | प्रहरीसँग सम्बन्धित गुनासोका बारेमा |
| बाल हेल्पलाइन | १०९८ | वालवालिकासँग सम्बन्धित घटनाका लागि सूचना तथा जानकारी र आवश्यक सहयोग |
| वैदेशिक रोजगार बोर्ड, गुनासो तथा परामर्श केन्द्र | ०१४२२०३३१, ४२२०४३३ | वैदेशिक रोजगारीका लागि जानकारी |
| वैदेशिक रोजगार विभाग | १६६००१०९९९९ | आप्रवाससँग सम्बन्धित सवालहरुमा जानकारी |
| राष्ट्रिय मानव अधिकार आयोग | ०१५०१०००० | मानव अधिकार उल्लंघनका घटनाको बारेमा सहयोग लिन |
| ओरेक नेपाल | १६६००१७८९१० काठमाण्डौ १६६०२१५२००० मोरङ | सुरक्षित आवास, मनोसामाजिक सेवा, कानूनी सेवाका लागि |
| तरङ्गिनी फाउण्डेसन | १६६००१२०००४ | मनोविमर्शका लागि सम्पर्क |
| ब्लू डाइमण्ड सोसाइटि धूम्वाराही काठमाण्डौ | ९८५१०८५९९० | यौनिक तथा लैङ्गिक अल्पसख्यकहरु माथि हुने हिंसाका घटनामा सहयोग |
| नेपाल अपाङ्ग महिला संघ | ०१४४३५१३१ | अपाङ्गता भएका व्यक्तिहरुको समस्याको बारेमा |
| टि.पि.ओ नेपाल | १६६००१०२००५ | मनोसामाजिक सेवाका लागि |

हिंसा गर्नु र सहनु दुवै अपराध हो । त्यसैले बालिका तथा महिलामाथि कुनै पनि प्रकारको हिंसा भएमा वा हिंसा भएको थाहा भएमा आवश्यक सूचना तथा सहयोगका लागि माथि उल्लेखित हटलाईन र हेल्पलाईनहरुमा सम्पर्क गरौं । हिंसा अंन्त्य गर्नु हामी सबैको दायित्व हो ।





महिला तथा किशोरीमाथि हिंसा हुनु भनेको मानवअधिकारको हनन् हुनु हो । हिंसा सहनु र हिंसा गर्नु दुबै गलत कार्य हो । हिंसा सहेर नबसौं, समयमा नै यसको प्रतिकार गरौं, समयमा नै सम्बन्धित निकायमा उजुरी गरी कानूनी उपचार खोजौं ।

## लैंगिक हिंसा विरुद्ध बोलौं, संबैधानिक अधिकारको उपभोग गरौं ।

UNHCR The UN Refugee Agency | Nepal

LWF

WOREC